हाम्रो मनमा यस्ता गम्भीर नराम्रो कुराहरू आउँछन् जुन कुनै पनि मानिसले व्यक्त गर्न हिच्किचाउँछ । उहाँले सोध्नुभयो: "के वास्तवमा तिमीहरु मनमा यस्ता कुराहरू उत्पन्न हुन्छन्?" तिनीहरूले भने: हो, उहाँले भन्नुभयो: "यो नै स्पष्ट आस्थाको प्रतीक हो ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, वहाँ भन्नु हुन्छः रसूल
(सल्लल्लाहु अलैहि वसल्लम) का केही साथीहरू आएर उहाँलाई सोधे: हाम्रो मनमा यस्ता गम्भीर नराम्रो कुराहरू आउँछन् जुन कुनै पनि मानिसले व्यक्त गर्न हिच्किचाउँछ । उहाँले सोध्नुभयो: "के वास्तवमा तिमीहरु मनमा यस्ता कुराहरू उत्पन्न हुन्छन्?" तिनीहरूले भने: हो, उहाँले भन्नुभयो: "यो नै स्पष्ट आस्थाको प्रतीक हो ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का केही साथीहरू उहाँको सेवामा आए र तिनीहरूले मनमा उत्पन्न हुने खराब र घृणित कुराहरु बारेमा सोधे, जसलाई शब्दमा व्यक्त गर्न उनीहरूलाई गाह्रो महसुस भएको थियो। उहाँले भन्नुभयो: जुन कुराहरु तिमीहरूका मनमा उत्पन्न हुन्छ, त्यो स्पष्ट ईमान र विश्वास को प्रतीक हो, किनभने (त्यही सत्य विश्वास को कारणले) तिमीहरु शैतानबाट भ्रमित हुदैनौँ र (मनमा उत्पन्न हुने खराब) कुरालाई शब्दमा व्यक्त गर्न अप्ठ्यारो महसुस गर्छौं, यसले पुष्टि हुन्छ कि तिमीहरुको हृदय शैतानको वशमा छैन । किनभने जसको हृदय शैतानको नियन्त्रणमा हुन्छ, त्यो सित शैतानसँग लड्ने शक्ति हुँदैन ।

https://sunnah.global/hadeeth/ne/show/65011